**बैंकिङ्ग फाईनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लिमिटेड**

**Banking Finance & Insurance Institute of Nepal Limited**

# दोस्रो वार्षिक प्रतिवेदन

# Second Annual Report

## आर्थिक वर्ष २०७६/२०७७

## Fiscal Year 2076/77

www.bfin.com.np

# सञ्चालक समिति



**डा. विनोद आत्रेय**
अध्यक्ष / प्रवन्ध संचालक
(प्रतिनिधि – इमर्जिङ्ग नेपाल लि.)



**श्री दीपक कुमार श्रेष्ठ**
सञ्चालक
(प्रतिनिधि – नेपाल इन्भेष्टमेण्ट बैंक लि.)



**श्री भवानी ढकाल**
सञ्चालक
(प्रतिनिधि – ग्लोबल आईएमई बैंक लि.)



**श्री दीपेश लम्साल**
सञ्चालक
(प्रतिनिधि – महालक्ष्मी विकास बैंक लि.)



**श्री नारायण प्रसाद नेपाल**
सञ्चालक
(प्रतिनिधि – एन.आई.सी. एशिया बैंक लि.)



**श्री महेन्द्र नारायण जोशी**
कम्पनी सचिव

## About BFIN

Banking, Finance and Insurance Institute of Nepal is established under Company Act 2063 on August 14, 2018 (2075 Shrawan 29). The main objectives of this Institute are to offer training, workshop and seminar and enhance the knowledge, skills and capabilities of the employees of financial sector and other stakeholders, conduct research and consulting to strengthen the financial sector, offer specific accredited courses and creating data bank for the use of banking community and help strengthen the financial systems in Nepal.

## Promoters

This Institute is promoted by 16 national level institutions represented by commercial banks, development banks, finance companies, micro credit institutions, capital market institutions and the Emerging Nepal Limited.

**Following are the promoters of the Company:**

| | | |
|---|---|---|
| Emerging Nepal Ltd | NIC Asia Bank Limited | Global IME Bank Limited |
| Prabhu Bank Limited | Nepal Investment Bank Ltd. | Laxmi Bank Ltd. |
| Mega Bank Nepal Ltd. | Prime Commercial BankLtd. | Mahalaxmi Bikash Bank Ltd. |
| Bhagarv Bikash Bank Ltd. | ICFC Finance Limited | Goodwill Finance Limited |
| Swadeshi Laghubitta Bittiya Sanstha Ltd. | Laxmi LaghuBitta Bittiya Sanstha Ltd. | NIC Asia Capital Ltd. |
| CBIL Capital Ltd. | | |

## Scope of Work

1. Training/workshop/Seminars
2. Accreditation and academic courses
3. Research and Consulting
4. Data bank establishment and management
5. CSR and Financial Literacy
6. Placement services to BFIs
7. Any Other Capacity Development and Research work related to financial and corporate sector

## Our Vision

To be the pioneer institution for developing and nurturing competent professionals in the banking, finance, insurance, and capital market industry in Nepal.

## Our Mission

- To develop professionally qualified and competent banking, finance, insurance, and capital market services professionals primarily through a process of education, training, examination, counseling, consultancy, and continuing professional development programs.
- To promote and provide scientific research-based recommendations in banking, finance and insurance sector to government, regulatory bodies, and other related organizations.

## Objectives

- To be the leading training and research center for banking, finance, insurance, capital market, licensed financial co-operatives, and other financial industries and organizations for continuously upgrading the knowledge and skills relevant to their staff members and their stakeholders.
- To provide both accredited (in association with the recognized national and international educational 7bodies) as well as non accredited certificate and diploma courses to the job seeker in the banking, finance, capital market, and insurance sectors.
- To provide soft skills development, leadership skills development, management skills and other related training and workshops to the employees of corporate business houses, development agencies, and other organizations.
- To offer online and distance education to the employees of Banks, Insurance and Financial institutions of various branches located at different parts of the country.
- To be the catalyst of the financial sector adopting modern technology, information, and databank, and help the entire financial institutions to become an informative and efficient organization.
- To provide research-based recommendations to the Government of Nepal, Nepal Rastra Bank, Securities Exchange Board of Nepal, Insurance Board and other sectors of the financial system on various issues of Banking, Finance, capital market and Insurance and other areas of the economy.
- To maintain data and information of all new and emerging issues in the banking and financial sector and become a “Think Tank” for the government and the financial sector and conduct research work for the benefits of the government and the entire financial system.
- To offer financial literacy programs to the students and the general public in partnership with educational institutions and development agencies.
- To partner with banks and financial institutions in the implementation of the CSR programs relating to financial literacy and awareness.
- To maintain a database of candidates and work as a recruitment agency for Banks, Insurance and Financial Institutions.

**बैंकिङ्ग फाईनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लिमिटेड**
**काठमाण्डौं महानगरपालिका-१०, नयाँ बानेश्वर**
**दोस्रो वार्षिक साधारण सभाको सुचना**
(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०६)

मिति २०७७/०८/२६ गते बसेको यस कम्पनीको संचालक समिति बैठकको निर्णयानुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु । थप जानकारीको लागि कम्पनीको वेबसाइट www.bfin.com.np वा फोन न. ०१-४७८७४०१/२/३ मा सम्पर्क राख्न सकिने छ ।

**सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७७/०९/२९ (तद्नुसार जनवरी १३, २०२१) बुधवार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं
समय : अपरान्ह ३:०० बजे

**छलफल तथा निर्णयका निर्धारित विषयसुची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/७७ को वासलात, बिस्तृत नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण, पूँजीमा भएको परिवर्तन लगायत ततेसम्बन्धी सम्पूर्ण अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि कम्पनीको लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(वर्तमान लेखापरीक्षक सुनिल चपाईं एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स् का श्री सुनिल चपाईं कम्पनी ऐन, २०६३ बमोजिम पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव**

१. नियमनकारी निकायको स्वीकृती पश्चात जारी गर्ने गरी सञ्चालक समितिको निर्णय बमोजिम कम्पनीको जारी पूँजी अर्न्तगत सर्वसाधारण समुहका लागि छुट्याइएको १० प्रतिशत (सर्वसाधारण समुहभित्र नै बर्गिकरण हुने गरी कर्मचारीलाई छुट्याइएको २ प्रतिशत शेयर सहित) ले हुने जम्मा रु. ५५,००,०००/- (पचपन्न लाख रुपैया) को शेयर संङ्ख्या ५५,००० (पचपन्न हजार) कित्ता सर्वसाधारणलाई निष्काशन (Initial Public Offerings-IPO) गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने । साथै, सर्वसाधारणलाई निष्काशन गर्ने क्रममा आइपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
२. कम्पनीले सर्वसाधारणलाई निष्काशन (Initial Public Offerings-IPO) गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र नियमावलीमा कुनै संशोधन/थप गर्नुपरेमा आवश्यकता अनुसार संशोधन/थप गर्ने र सो कार्यको लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयरप्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

२. शेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान १० बजेदेखि खुला गरिनेछ ।

३. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७७/०९/२७ गते दिनको ३:०० बजेभित्र बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि.को मुख्य कार्यालय, नयाँ बानेश्वर काठमाण्डौंमा दर्ता गराईसक्नु पर्नेछ । बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि.को शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्टयाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

४. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बद्ध शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. को मुख्य कार्यालयमा सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

५. एकभन्दा वढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

६. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेका शेयरधनीहरूको तर्फबाट बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. को शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

७. साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

८. पुनश्चः कम्पनीको आर्थिक विवरण शेयरधनी महानुभावहरूले उपलब्ध गराएको ठेगानामा पठाइएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरूले कम्पनीका मुख्य कार्यालय, काठमाडौँमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने ब्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । आर्थिक विवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरू कम्पनीको website www.bfin.com.np मा पनि हेर्न सक्नुहुनेछ ।

## बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लिमिटेड

## प्रोक्सी फारम

श्री संचालक समिति,
बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लिमिटेड
नयाँ बानेश्वर–१०, काठमाण्डौं, नेपाल ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.........................................जिल्ला........................म.न.पा. ⁄ उ.म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. वडा नं........ बस्ने म ⁄ हामी ..................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति .......................................................का दिन हुने संस्थाको दोस्रो साधारण सभामा म ⁄ हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो ⁄ हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ............................. जिल्ला ......................... म.न.पा. ⁄ उ.म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. वडा नं. ..... बस्ने श्री ........................................................... लाई मेरो ⁄ हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु ⁄ छौं ।

**प्रोक्सी लिनेले भर्ने :**

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :
हस्ताक्षरको नमुना :
नाम :
शेयरधनी परिचय नम्बर :
शेयर संख्या :

**प्रोक्सी दिनेले भर्ने :**

निवेदक :
दस्तखत :
शेयर प्रमाणपत्र नं./BOID No :
शेयरधनी परिचय नम्बर :
मिति :

*द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।*

..................................................................................................................................................

## प्रवेश–पत्र

शेयरधनीको नाम : ..........................................................................................................................

शेयर प्रमाण प्रत्र नं. वा BOID No. ..........................कित्ता नं.......................... देखि..........................सम्म

शेयर संख्या :..................मिति २०७७ साल पौष २९ गते हुने बैंकिङ्ग फाईनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. को दोस्रो साधारणसभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

शेयरधनीको सही : ........................................

........................................
कम्पनी सचिव

**द्रष्टव्य :** सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

## बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. को दोस्रो वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा १०९ अनुसार संचालक समितिले तयार पारी समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस बैंकिङ्ग फाईनान्स एण्ड इन्स्युरेन्स इन्स्टिच्यूट अफ नेपाल लि. को दोस्रो वार्षिक साधारण सभामा यहाँ उपस्थित शेयरधनी तथा आमन्त्रित महानुभावहरुलाई यस संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

देशको वित्तीय क्षेत्रलाई सबल, व्यापक र संमृद्ध बनाउने उद्देश्यले यस क्षेत्रमा कार्यरत मानव संशाधनको विकासका लागि विभिन्न किसिमका तालिमहरु, सेमिनारहरु, गोष्ठीहरु, कार्यशालाहरु तथा विभिन्न व्यवस्थापन विकास कार्यक्रमहरु संचालन गर्ने, विभिन्न शोधकार्यहरु गर्ने, विभिन्न शैक्षिक तथा तालिम केन्द्रहरुको सम्वन्धनमा पाठ्यक्रमहरु तर्जुमा गरी वित्तिय शिक्षा प्रदान गर्ने, डाटा बैंकको स्थापना गर्ने, वित्तीय साक्षरता कार्यक्रमहरु संचालन गर्ने, वित्तीय क्षेत्रको सबलीकरणका लागी परामर्श सेवा उपलब्ध गराउने र मानव संशाधनको विकासको लागि अन्य कामहरु गर्ने उदेश्यले कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५ साउन २९ गते कम्पनी रजिष्ट्रारको कार्यलयमा यो संस्था दर्ता भएको हो । यस संस्थामा नेपाल सरकारको लगानी रहेको संस्था इमर्जिङ्ग नेपाल लिमिटेड लगायत विभिन्न ७ वाणिज्य बैंकहरु, २ विकास बैंकहरु, २ फाइनान्स कम्पनीहरु, २ क्यापिटल मार्केट संस्था र २ लघुवित्त वित्तीय संस्थाहरु गरी जम्मा १६ वटा संस्थाहरुको लगानी रहेको कुरा जानकारी गराउँदछु ।

नेपाल सरकारले सवै स्थानीय तहहरुमा बैंकको शाखा अनिवार्य रुपमा पुग्नै पर्ने वाध्यात्मक व्यवस्था गरे वाट बैंकहरुमा योग्य, अनुभवी र तालिम प्राप्त कर्मचारीहरुको आवश्यकता रहनु, आर्थिक बर्ष २०७६/७७ को मौद्रिक नीतिमा कर्मचारी तालीमको लागि नीतिगत व्यवस्था हुनु, BFIN को स्थापना बर्षमा नै अन्तराष्ट्रिय स्तरका महत्वपूर्ण Conference, अन्तराष्ट्रिय सम्बन्ध विस्तार तथा बैदेशिक तालीम संचालन गर्न सफल हुनु, वित्तीय क्षेत्रमा राम्रो प्रतिष्ठा बनाउन सफल रहनु, भौतीक पूर्वाधार निर्माण आदी सकारात्मक पक्षहरु रहेका थिए भने बजारमा नीजि क्षेत्रमा स्थापना भएका तालीम प्रदायक संस्थाहरु संगको प्रतिस्पर्धा, बैंक तथा वित्तीय संस्थाहरुले आफ्नै Learning & Development Center को स्थापना गरी आफै तालीम प्रदान गर्ने परिपाटी बसाल्नु, बैंक तथा वित्तीय संस्था आफैले Resource Person आमन्त्रण गरी तालीम प्रदान गर्ने जस्ता चुनौतीहरुका बाबजुत पनी संस्थाले संतोषजनक उपलब्धी हासिल गर्न सकेको जानकारी गराउदछु ।

आर्थिक बर्ष २०७६/७७ को पहिलो ६ महिनामा संस्थाले उल्लेखनिय कार्य सम्पादन गर्न सफल भएकोमा विश्वमा नै कोभिड १९ को प्रभावका कारण संस्थामा पनि ठुलो असर पर्न गएको जानकारी गराउदछौं । नेपालमा चैत्र १० गतेबाट कोरोनाको प्रभावका कारण लकडाउन भएको हुदाँ यस संस्थाले निम्नअनुसार घोषणा गरीएका कार्यक्रमहरु स्थगन गर्न परेको जानकारी गराउदछौं ।

- दक्षिण कोरियामा आयोजना गर्ने भनि घोषणा गरिएको तालीम जोखिमको कारण रद्द गर्नुपरेको ।
- भारतको मुम्बईमा April, 16-18, 2020 मा आयोजना गर्ने भनि घोषणा गरिएको तालीम जोखिमको कारण रद्द गर्नुपरेको ।

- संयुक्त राज्य अमेरिकामा May 11-15, 2020 मा आयोजना गर्ने भनि घोषणा गरिएको तालीम जोखिमको कारण रद्द गर्नुपरेको । उक्त तालीम मा सहभागी हुनका लागी विभिन्न बैंक तथा वित्तीय संस्थाका १८ जना सहभागीहरुको नाम समेत दर्ता गरिएको ।

- Corona Virus को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले विभिन्न मितिमा गरिएका निर्णयहरु तालीम तथा सेमिनारहरु आयोजना गर्न प्रतिकुल भएको हुदाँ मार्च १३ मा आयोजना गर्ने भनिएको Conference आयोजना गर्न नसकिएको । यसमा भारतका पुर्व गर्भनर Dr. Subba Rao र बंगलादेशका पुर्व गर्भनर Dr. Atiur Rahman लाई आमन्त्रण गरिएको थियो ।

- बिभिन्न मितिमा शाइन रेसुङ्गा बैंकको लागी तयार गरिएको Customized तालीम, Century Bank को लागी तयार पारिएको Customized तालीम, NCC बैंकको लागि तयार पारिएको Customized तालीम, BFIN Hall मा आयोजना गर्ने योजना रहेका Domestic तालीमहरुको समेत आयोजना गर्न नसकिएको ।

अतः २०७६ श्रावण देखि फाल्गुन महिना अर्थात ८ महिनाको समयमा संस्थाले उल्लेखनिय कार्य गर्न सफल भए स्वरुप नै आर्थिक बर्षको अन्त्यमा संस्थाको खुद नाफा ८० लाख ९३ हजार ६ सय ३४ हुन गएको व्यहोरा जानकारी गराउदछु । अतः उपरोक्त परिप्रेक्ष्यमा संस्थाले गरेका कार्यहरुको समिक्षा निम्न बमोजिम रहेको यस सम्मानिनय सभा समक्ष जानकारी गराउन चाहन्छु ।

## (क) आर्थिक वर्ष २०७६/७७ को कारोबारको सिंहावलोकन :

मिति २०७५ श्रावण २९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको यस संस्थाले मिति २०७५ साल असोज २ मा वृहत अन्तराष्ट्रिय सम्मेलनको आयोजना गरी आफ्नो कार्य आरम्भ गरेको अवगत गराउँछु । आर्थिक वर्ष २०७६/७७ को अन्त सम्ममा यस संस्थाले निम्न अनुसारका कार्यक्रमहरु संचालन गर्न सफल भएको कुरा यस सभामा जानकारी गराउन पाउँदा हर्षित भएको छु ।

### १) स्वदेशी तालिम

आ.व. २०७६/७७ मा यस संस्थाले कुल ४२ वटा स्वदेशी तालिम तथा कार्यक्रमहरु संचालन गरी बैङ्क तथा वित्तीय संस्थाका करिब ७६९ जनालाई तालीम प्रदान गर्न सफल भएको अवगत गराउदछु । बैदेशिक तालीमलाई प्रभावकारी गराउन प्रयत्नशिल रहनु र आर्थिक बर्ष को अन्तीम ४ महिना कुनै कार्यक्रम गर्ने वातावरण नहुनुका कारणले गर्दा प्रक्षेपण अनुसार स्वदेशी तालीम बाट नतिजा आउन नसकेको व्यहोरा अवगत गराउदछौं । तथापी उपलब्ध स्रोत, साधन, प्रतिस्पर्धा र चुनौतीको बाबजुत प्राप्त भएको उपलब्धी सन्तोषजनक रहेको अवगत गराउदछौं । स्वदेशी तालिमको विस्तृत विवरण यसै साथ संलग्न **अनुसूचि १** मा उल्लेख गरिएको छ ।

## २) अन्तराष्ट्रिय तालिम

यस आर्थिक बर्षमा Asia Pacific Rural and Agricultural Credit Association (APARCA) संगको सहकार्यमा Bangkok मा २ वटा, Colombo Plan Staff College (CPSC) Manila संगको सहकार्यमा Philippines मा संचालकहरुको लागि २ वटा कार्यक्रम र बैंक तथा वित्तीय संस्थाको कर्मचारीहरुको लागि १ वटा गरी ३ वटा, Institute for Inclusive Finance and Development (InM) Bangladesh संगको सहकार्यमा लघुवित्त संस्थाका लागि १ वटा, संचालकहरुका लागि Victoria University Melborne, Australia संगको सहकार्यमा २ वटा, Birla Institute of Management Technology (BIMTECH) India संगको सहकार्यमा १ वटा गरी कुल १० वटा अन्तराष्ट्रिय कार्यक्रमहरु संचालन गर्न सफल भएको जानकारी गराउदछु । अन्तराष्ट्रिय तालीमबाट कुल १७३ जना सहभागी रहनु भएको अवगत गराउदछु । अन्तराष्ट्रिय तालिमको विस्तृत विवरण यसै साथ संलग्न **अनुसूचि २** मा उल्लेख गरिएको छ ।

## ३) सम्मेलन (Conference)

यस संस्थाले आर्थिक वर्ष २०७६/७७ मा ३ वटा सफलतापूर्वक आयोजना गरेको अन्तराष्ट्रिय स्तरको सम्मेलनमा बैङ्क तथा वित्तीय संस्थाका ३५८ जना सहभागीहरुले आफ्नो उत्साहजनक उपस्थिति देखाउनु भएको कुरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु । कार्यक्रमको विस्तृत विवरण यसै साथ संलग्न **अनुसूचि ३** मा उल्लेख गरिएको छ ।

## ४) सदस्यता (Membership)

यस संस्थाले बैङ्क तथा वित्तीय संस्थाहरुसंग दिर्घकालीन रुपमा मानव संसाधन दक्षता अभिवृद्दिमा साझेदारी गर्ने रणनीति अपनाएको छ । सो बमोजिम आर्थिक वर्ष २०७६/७७ मा ६ वटा कमर्सियल बैंक, ३ वटा विकास बैंक, २ वटा इन्स्योरेन्स कम्पनी, ६ वटा लघुवित्त कम्पनी र १ वटा प्राइभेट आईटी कम्पनीले यस संस्थाको सदस्यता लिएको कुरा जानकारी गराउन चाहन्छु । यस संस्थाको सदस्यता लिएका बैङ्क तथा वित्तीय संस्थाहरुको नामावली यसै साथ संलग्न **अनुसूचि ४** मा उल्लेख गरिएको छ ।

## ५) अन्तराष्ट्रिय संस्थाहरुसँग सम्बन्ध विस्तार तथा सम्झौता (MOU)

संस्थाले आर्थिक वर्ष २०७५/७६ मा निम्नलिखित ८ वटा प्रतिष्ठित अन्तराष्ट्रिय संस्थाहरुसंग सम्झौता (MOU) गरीसकेको छ :

| S.N. | Name of Institution | Country |
|---|---|---|
| 1 | Bangladesh Institute of Banking Management (BIBM) | Bangladesh |
| 2 | Asia Pacific Rural and Agricultural Credit Association (APRACA) | Thailand |
| 3 | Hong Kong Management Association (HKMA) | HongKong |
| 4 | CARE Advisory Research Training (CART) | India |
| 5 | Risk Management Association of India (RMAI) | India |
| 6 | Vidyalankar School of Information Technology (VSIT) | India |
| 7 | Asia Pacific Rural and Agricultural Credit Association, Centre for Training and Research for Agricultural Banking (APRACA CENTRAB) | Philippines |
| 8 | Birla Institute of Management Technology (BIMTECH) | India |

आर्थिक बर्ष २०६६/७७ मा थप ५ वटा संस्था संग सम्बन्ध विस्तार गर्न सफल भएको छ र कुल १३ वटा प्रतिष्ठित अन्तराष्ट्रिय संस्थाहरुसंग सम्झौता (MOU) गरीसकेको छ :

| S.N. | Name of Institution | Country |
|---|---|---|
| 1 | Colombo Plan Staff College (CPSC) | Philippines |
| 2 | Victoria University (VU) | Australia |
| 3 | Institute for Inclusive Finance and Development (InM) | Bangladesh |
| 4 | Jawaharlal Nehru Institute of Banking and Finance (JNIBF) | India |
| 5 | Corporate Finance Institute (CFI) | Canada |

यी संस्थाहरु संग MOU भएबाट संस्थालाई विदेशमा तालिम कार्यक्रमहरु, अध्ययन भ्रमणहरु तथा गोष्ठि सेमिनार गर्न सहज भएको छ । साथै, अन्तराष्ट्रिय संस्थाहरुसँग सम्बन्ध विस्तार भएबाट विदेशबाट श्रोत व्यक्तिहरु ल्याएर नेपालमा कार्यक्रम संचालन गर्न समेत सहज भएको कुरा अवगत गराउन चाहन्छु । यसप्रकार विदेश स्थित प्रतिष्ठित संस्थाहरुसंग सहकार्य गर्ने तथा MOU गर्ने कार्यलाई आगामी वर्षहरुमा समेत निरन्तरता दिइनेछ ।

### ६) अनलाइन मार्फत आयोजना गरिएका तालीमहरुः

यस बर्ष बिश्वभरि महामारीको रुपमा देखा परेको कोभिड-१९ को कारण ले २०७६ चैत्र ११ गते बाट नेपाल सरकारले लकडाउन गरेको हुदाँ प्रत्यक्ष रुपमा उपस्थित भई तालीमको आयोजना गर्न नसकिएको यहाँहरुमा सर्वविदितै छ । बिफिनको उपस्थितीलाई जनाई राख्न र थौरै भए पनि आम्दानी गर्न सकियोस् भन्ने अभिप्रायले जुम मार्फत १५ वटा तालीम तथा बेबिनार हरु संचालन गर्न सफल भएको जानकारी गराउदछु । अनलाइन मार्फत आयोजना गरिएका तालीमहरु तथा बेबिनारहरुको नाम **अनुसुची ५** मा उल्लेख गरि यसै साथ संलग्न गरिएको छ ।

### ७) नीतिगत उपलब्धी तथा प्रशासकिय सुधार

संस्थाले कम्पनीको सेवा, सुविधा तथा कार्य सम्पादनलाई चुस्त दुरुस्त रुपले सम्पन्न गर्नको लागि कर्मचारी सेवा विनीयमावली, आर्थिक प्रशासन विनीयमावली, संस्थाका कर्मचारीहरुको दरबन्दी, तलब भत्ता सम्बन्धी नीति नियम, संस्थाबाट हुने स्वदेश/विदेश भ्रमणको भत्ता सम्बन्धी नीति नियम समयसापेक्ष परिमार्जन गरी लागु गरेको कुरा अवगत गराउन चाहन्छु । त्यसैगरी कम्पनीको व्यवसायमा वृद्धि गर्न सघाउ पुग्ने उद्देश्यले कन्सल्टेन्टहरुको नियुक्ती तथा सेल्स एजेण्टहरुको नियुक्ती गरी सो मार्फत समेत कम्पनीको तालीमहरुको बिक्री गर्न लगाउने तथा परामर्श सेवा संचालन गर्ने उद्देश्यले संचालक समितिबाट निर्णय भई लागु गरिएको जानकारी गराउन चाहन्छु ।

### (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असरः

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुलाई कुल कर्मचारी खर्चको ३% रकम कर्मचारीको तालिम तथा दक्षता अभिवृद्धिमा खर्च गर्नुपर्ने प्रावधानबाट ती संस्थाहरुको मानव संसाधनको दक्षता अभिवृद्धिको आवश्यकताप्रति नेपाल राष्ट्र बैंक सकारात्मक देखिएको छ । तर सो प्रावधानपश्चात थुप्रै बैङ्कहरुले आफ्नै आन्तरिक तालिम तथा विकास युनिट (In-house Learning

& Development Unit) स्थापना गरी आफ्ना कर्मचारीहरुलाई तालिम प्रदान गर्ने गरेको देखिएको छ । साथै, नीजि क्षेत्रबाट पनि थुप्रै तालिम प्रदायक संस्थाहरुको आगमनबाट यस व्यवसाय अत्यन्त प्रतिष्पर्धात्मक तथा चुनौतीपूर्ण बन्न पुगेको कुरा जानकारी गराउन चाहन्छु । यसैगरि बिश्वभर महामारीको रुपमा देखा परेको कोरोना भाईरस कोभिड–१९ को कारणले गर्दा नेपाल सरकारले लकडाउनको घोषणा गर्नुको साथै नेपाल राष्ट्र बैंकले बैङ्क तथा वित्तीय संस्थाहरुलाई कुल कर्मचारी खर्चको ३% रकम कर्मचारीको तालिम तथा दक्षता अभिवृद्धिमा खर्च गर्नुपर्ने प्रावधान हटाएको हुँदा आर्थिक बर्ष २०७६/७७ को अन्तिम त्रैमासमा कुनै पनि नयाँ तालीमको आयोजना गर्न नसकिएको र तय गरिएका कार्यक्रमहरु समेत संचालन गर्न नसकिएको जानकारी गराउन चाहन्छु ।

### (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

विश्वभर महामारीको रुपमा देखा परेको कोरोना भाईरस कोभिड–१९ को कारणले आर्थिक बर्ष २०७६/७७ को अन्तिम त्रैमासमा कुनै पनि नयाँ तालीमको आयोजना गर्न नसकिएको र तय गरिएका कार्यक्रमहरु समेत संचालन गर्न नसकिएको अवस्थामा समेत यस संस्थाले मुनाफा आर्जन गर्न सफल भएको छ । यस संस्थाको लेखापरिक्षकमा नियुक्त हुनुभएका श्री सुनिल चपाईं एण्ड एसोसिएट्स बाट आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण कार्य सम्पन्न गरिएको छ । लेखापरिक्षकको प्रतिवेदन अनुसार गत आर्थिक वर्षमा तालीम आम्दानी तथा अन्य आम्दानी गरी कुल आय रु. ४ करोड ३४ लाख २६ हजार ५ सय २२ प्राप्त भएको छ । सो मध्येबाट प्रशासनिक तथा अन्य खर्चहरु घटाई संस्थाले ८० लाख ९३ हजार ६ सय ३४ वरावरको खुद नाफा आर्जन गर्न सफल भएको सहर्ष जानकारी गराउँछु । गत आर्थिक वर्षको वित्तिय प्रगति निम्न बमोजिम रहेको जानकारी गराउन चाहन्छु ।

**आर्थिक वर्ष २०७६/७७ को वित्तिय झलक**

| **विवरण** | **२०७६/७७ वास्तविक (रु.)** |
|---|---|
| तालिम आम्दानी | ३,७५,४९,८१५ |
| तलिम खर्च | १,६०,३०,३२४ |
| संचालन नाफा | २,१५,१९,४९१ |
| अन्य आम्दानी | ५८,७६,७०७ |
| प्रशासनिक खर्च | ४३,४१,१४८ |
| कर्मचारी खर्च | १,०३,९७,६४८ |
| ह्रास कट्टी | ७,८६,७३९ |
| खुद नाफा | ८०,९३,६३४ |

### आर्थिक वर्ष २०७७/७८ को लागि तय गरिएका कार्य योजनाहरु

यस संस्थाले आगामी आर्थिक वर्ष २०७७/७८ मा आफ्नो व्यवसाय वृद्दि तथा विविधीकरण गर्न नयाँ कार्यक्रमहरु जस्तैः **Online Education Program, Student Education Program, Recruitment Services, Job Portal Advertisement, BFIN Journal** को प्रकाशन लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने योजना बनाएको छ । संस्थाले सञ्चालन गर्न खोजेका यी कार्यक्रमहरुमा संस्थापक सदस्यहरुले विगतमा झैं कर्मचारी मनोनयनमा सहयोग गरी प्रेरणादायी भुमिका निर्वाह गर्न हार्दिक अनुरोध गर्न चाहन्छु ।

यसैगरी, संस्थाले आगामी आर्थिक वर्ष २०७७/७८ मा बैङ्क तथा वित्तीय संस्थाहरुसँग दिर्घकालीन रुपमा मानव संसाधन दक्षता अभिवृद्दिमा साझेदारी गर्ने रणनीति बमोजिम सदस्यता विस्तार गर्ने लक्ष्य लिएको छ ।

**घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध**

देशका प्रमुख बैंक तथा वित्तिय संस्थाहरुको संयुक्त लगानीमा स्थापना भएको यस कम्पनीको नेपाल राष्ट्र बैंक लगायत अन्य नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय तथा देशका विभिन्न बैंक तथा वित्तिय संस्थाहरुसंग सुमधुर सम्बन्ध कायम हुदै गैरहेको जानकारी गराउँदछु । यस प्रगाढ सम्बन्धले भविष्यमा विभिन्न तालिम तथा कार्यक्रमहरु आयोजना गर्न सघाउने कुरामा म विश्वस्त रहेको छु ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

यस संस्थाको सञ्चालक समितिमा यस आर्थिक बर्ष २०७६/७७ मा संस्थापक संस्था एन.आई.सी. एशिया बैंकबाट यस संस्थामा प्रतिनिधित्व गर्दे आउनु भएको श्री सुदिप खनालज्यूले कार्यरत संस्था बाट नैं स्वेच्छिक अवकाश रोज्नुभएको हुदाँ संचालक बाट समेत स्वत परिवर्तन भई हाल उक्त संस्थाको तर्फबाट श्री नारायण प्रसाद नेपाल संचालकको रुपमा रहनुभएको छ। उपरोक्त परिवर्तन बाहेक अन्य कुनै प्रकारको परिवर्तन नभएको व्यहोरा जानकारी गराउँदछु ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

आर्थिक बर्ष २०७६/७७ मा बिश्वभर महामारीको रुपमा देखा परेको कोरोना भाईरस कोभिड–१९ को कारणले आर्थिक बर्ष २०७६/७७ को अन्तिम त्रैमासमा कुनै पनि नयाँ तालीमको आयोजना गर्न नसकिएको र तय गरिएका कार्यक्रमहरु समेत संचालन गर्न नसकिएको हुदाँ तय गरिएको अनुरुपको लक्ष्य हासिल गर्नमा कठिनाई उत्पन्न भएको जानकारी गराउन चाहन्छु । सो बाहेक अन्य कुनै कारणले व्यवसायको कारोबारलाई असर परेको छैन ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

यस संस्थाको लेखा सम्बन्धी हिसाबको लेखापरीक्षण कार्य लेखापरीक्षक श्री सुनिल चपाईं एण्ड एसोसिएट्स बाट अर्धवार्षिक तथा वार्षिक गरी दुईपटक सम्पन्न भएको छ। लेखापरीक्षणको प्रतिवेदनमा कुनै कैफियत नरहेको कुरा अवगत गराउन चाहन्छु ।

लेखापरीक्षकको प्रतिवेदन र वित्तिय विवरणहरु यसैसाथ संलग्न गरिएको छ जसले यस संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

यस संस्थाको आ.व. २०७६/७७ सम्मको वितरण योग्य संचित मुनाफा रु. ८४ लाख ३२ हजार ४ सय ४५ रहेको छ । यस बर्ष विश्वभरी महामारीको रुपमा देखा परेको कोभिड १९ को असर यस संस्थाको व्यवसायमा समेत पर्न गएको र अझै पनि यसको असर कम नभइसकेको अवस्था रहेको हुदाँ यस बर्ष लाभांश वितरण नगर्ने योजना रहेको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**

आ.व. २०७६/७७ मा संस्थाले कुनै शेयर जफत गरेको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

यस कम्पनीले आ.व. २०७६/७७ मा खासै महत्वपूर्ण कारोबारहरु नगरेको यस सभासमक्ष जानकारी गराउन चाहन्छु ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

यस कम्पनीले आ.व. २०७६/७७ मा खासै महत्वपूर्ण कारोबारहरु नगरेको हुदाँ सो अबधिमा कम्पनीको कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन नभएको यस सभासमक्ष जानकारी गराउन चाहन्छु ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

गत आ.व. २०७६/७७ मा कम्पनीका आधारभूत शेयरधनी महानुभावज्यूहरुले यस कम्पनीलाई कुनै महत्वपूर्ण जानकारी उपलब्ध नगराएको जानकारी गराउन चाहन्छु ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

गत आ.व. २०७६/७७ मा कुनै प्रकारको शेयर जारी गरिएको छैन । साथै, यस कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न नरहेको हुदाँ निजहरुबाट कुनै प्रकारको महत्वपूर्ण जानकारी प्राप्त नभएको जानकारी गराउन चाहन्छु ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

गत आ.व. २०७६/७७ मा कम्पनीले कुनै प्रकारको सम्झौता नगरेको साथै उक्त सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको कुनै पनि प्रकारहेको व्यक्तिगत स्वार्थको नरहेका जानकारी गराउन चाहन्छु ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**

गत आ.व. २०७६/७७ मा कम्पनीले कुनै प्रकारको शेयर आफैले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

यस संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई दरिलो बनाउन "कर्मचारी सेवा विनियमावली–२०७५" र "आर्थिक प्रशासन नियमावली–२०७५" बनाएर लागू गरेको छ। यी नियमावलीहरुले कर्मचारी व्यवस्थापन र आर्थिक प्रशासन सम्बन्धी विषयमा विस्तृत रुपमा व्यबस्था गरेको छ। संस्थाको आर्थिक नितिले संस्थाको लागि सामान खरीद प्रक्रिया, बैंक तथा नगद कारोवार सम्बन्धी प्रक्रिया आदि बारे उल्लेख गरेको छ। यस संस्थाका सबै कार्यहरु यिनै नीति नियमको अधीनमा रही सञ्चालन गरिएको छ। आर्थिक प्रशासनलाई पारदर्शी बनाउन आर्थिक नियन्त्रण प्रणाली र लेखा परिक्षणको व्यवस्था गरिएको छ भने Nepal Accounting Standards (NAS) र कम्पनी कानुन अर्न्तगत रही कार्य सञ्चालन गरिएको छ।

**(थ) कर्मचारी व्यवस्थापन :**

यस संस्थामा हाल एक जना प्रवन्ध संचालक, दुई जना कनिष्ठ अधिकृत, दुई जना सुपरभाइजर, एक जना सहायक, एक जना मेसेन्जर र दुईजना सहयोगी गरी जम्मा ९ जना कर्मचारीहरु कार्यरत रहेका छन् । सबै कर्मचारीहरु आ-आफ्नो कार्यमा दक्षता, इमान्दारीताका साथ कार्य गर्दै आइरहेका छन् । कार्यालयको दैनिक कार्य संचालन गर्नका लागि यस संस्थाका संचालक समितिका अध्यक्ष डा. विनोद आत्रेयज्यू प्रबन्ध निर्देशकका रुपमा नियुक्त हुनु भएको छ। कर्मचारीको वृत्ती विकासको लागि यस संस्थाले समय समयमा तालिममा पठाउने, छलफल गर्ने, कामको सुपरिवेक्षण गर्ने तथा आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने गरिएको छ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

यस संस्थामा लेखा परिक्षण समितिका सदस्यहरुको नामावली निम्न बमोजिम रहेको छ।

१) संचालक - श्री भवानी ढकाल संयोजक

२) संचालक - श्री दिपेश लम्साल सदस्य

लेखा परिक्षण समितिको गठन भए पनि आर्थिक बर्ष २०७६/७७ को अन्त्य सम्मका कुनै पनि बैठक नबसेको हुदा कुनै पनि प्रकारको पारिश्रमिक, भत्ता तथा सुविधा प्रदान नगरिएको।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

गत आ.व. २०७६/७७ मा यस संस्थाका सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी नभएको यहाँहरुमा अवगत गराउन चाहन्छु।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

**१) सञ्चालकहरु :**

| नाम | पद | कैफियत |
|---|---|---|
| डा. विनोद आत्रेय | अध्यक्ष/प्रतिनिधि, इमर्जिङ नेपाल लि. | |
| श्री भवानी ढकाल | संचालक/प्रतिनिधि, ग्लोवल आईएमई बैंक लि. | |
| श्री दिपक कुमार श्रेष्ठ | संचालक/प्रतिनिधि, नेपाल इन्भेष्टमेण्ट बैंक लि. | |
| श्री दिपेश लम्साल | संचालक/प्रतिनिधि, महालक्ष्मी विकाश बैंक लि. | |
| श्री नारायण प्रसाद नेपाल | संचालक/प्रतिनिधि, एन.आई.सि. एशिया बैंक लि. | |

यस आर्थिक वर्षमा सञ्चालक समितिको वैठक १३ पटक बसेको र कुल रु. ३,६०,०००।- भुक्तानी दिइएको र सो वाहेक सञ्चालकहरुलाई अरु कुनै सुविधाहरु प्रदान नगरिएको कुरा जानकारी गराउन चाहन्छु ।

**२) व्यवस्थापक**

इमर्जिङ्ग नेपाल लि.का तर्फबाट प्रतिनिधित्व गरिरहनु भएका संचालक समितिका अध्यक्ष डा. विनोद आत्रेयज्यू लाई करार बमोजिमका तलब भत्ता र अन्य सुविधाहरु प्रदान गर्ने गरि कम्पनीको व्यवस्थापनको प्रमुखको समेत जिम्मेवारी प्रदान गरिएको छ । निजलाई संचालक समितिका अध्यक्षको हैसियतमा प्राप्त हुने बैठक भत्ता बाहेक करार बमोजिमका तलब भत्ता र अन्य सुविधाहरु प्रदान गरिएको छ ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकि रहेको लाभांशको रकम :**

यस कम्पनीले आर्थिक बर्ष २०७५/७६ मा लाभांश वितरण गरेकामा शेयरधनि इमर्जिङ्ग नेपाल लिमिटेड को रु. ५,७४,०९५ बुझिलिन बाँकि रहेको जानकारी गराउन चाहन्छु ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

नभएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरणः**

सो नभएको ।

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

सो नभएको ।

**(म) अन्य आवश्यक कुराहरु ।**

सो नभएको ।

**धन्यबाद तथा कृतज्ञता ज्ञापन**

सर्वप्रथम, विविध कठिनाईका वावजुद पनि देशको वित्तीय क्षेत्रलाई सबल, व्यापक र संमृद्ध बनाउने उद्देश्यले यस क्षेत्रमा कार्यरत मानव संसाधनको विकासका लागि यस कम्पनीको स्थापना गरि दृढ संकल्पका साथ अगाडि बढ्ने संस्थापकज्युहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस संस्थाले आयोजना गरेका कार्यक्रमहरुमा सक्रियताका साथ सहयोग गर्नुहुने बैंक तथा वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा मानव संशाधन विभाग प्रमुखज्यूहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । लेखापरीक्षण कार्य सम्पन्न गरी कम्पनीलाई रचनात्मक सुझाव प्रदान गर्नु हुने बाह्य लेखापरीक्षक, संस्थासँग MOU गरी दीर्घकालीन रुपमा साझेदार बन्नुभएका संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । साथै, विभिन्न नियमनकारी संस्थाहरु, नेपाल सरकारका विभिन्न निकायहरु, नेपाल राष्ट्र बैंक, अन्य साझेदार कम्पनी र कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त नीति-निर्देशन तथा सल्लाह, सुझाव एवं योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै, यो संस्थालाई यो उचाइमा पुर्याउन अथक योगदान दिने यस संस्थाका कर्मचारीहरुलाई धन्यवाद दिंदै बिदा हुन चाहन्छु ।

**धन्यवाद**

**डा. विनोद आत्रेय**
**अध्यक्ष/प्रवन्ध संचालक**
**सञ्चालक समिति**

## आर्थिक बर्ष २०७६/७७ मा आयोजना गरिएका स्वदेशी तालीमहरुको विवरण
## अनुसुची १

| S.N. | Nepali Date | Training Name | Location | No of Participant |
|---|---|---|---|---|
| 1 | 1st Chaitra, 2076 | Customized Tranining AML/ CFT Compliance Program (Province 1) | Biratnagar | 30 |
| 2 | 19-23 Falgun, 2076 | Customer Service Excellence | Kathmandu | 16 |
| 3 | 17 Falgun, 2076 | Essentials Skills for Leadership Development | Kathmandu | 14 |
| 4 | 24-25 Magh, 2076 | Letter of Credit Operation & Management | Kathmandu | 19 |
| 5 | 20-24 Magh, 2076 | Financial Statement Analysis of borrowers from Bank 's Perspective | Kathmandu | 11 |
| 6 | 10-11 Magh, 2076 | Effective Branch Management | Biratnagar | 10 |
| 7 | 10-11 Magh, 2076 | Credit Management | Biratnagar | 21 |
| 8 | 10-11 Magh, 2076 | Effective Branch Management | Butwal | 21 |
| 9 | 10-11 Magh, 2076 | Cash Management and Teller Operation | Butwal | 19 |
| 10 | 25-26 Poush, 2076 | Research Methodology & Techniques | Kathmandu | 15 |
| 11 | 19 Poush, 2076 | Operational Risk Management | Nawalparasi | 18 |
| 12 | 12-13 Poush, 2076 | Training of Trainers | Kathmandu | 12 |
| 13 | 12 Poush, 2076 | AML/CFT Compliance Program for BFIs | Kathmandu | 17 |
| 14 | 11-12 Poush, 2076 | Operational Banking | Hetauda | 24 |
| 15 | 11-12 Poush, 2076 | Risk & Recovery Management in MFIs | Hetauda | 9 |
| 16 | 11-12 Poush, 2076 | Operational Banking | Jhapa, Damak | 21 |
| 17 | 11-12 Poush, 2076 | Risk & Recovery Management in MFIs | Jhapa, Damak | 10 |
| 18 | 23-27 Mangsir, 2076 | Excellence in Excel for Professionals | Kathmandu | 11 |
| 19 | 20-21 Mangsir,2076 | Credit Management for Micro Finance Institutions | Nawalparasi | 16 |
| 20 | 20-21 Mangsir,2076 | Credit Management and Credit Risk Management | Nawalparasi | 12 |
| 21 | 16-20 Mangsir, 2076 | Operational Risk Management | Kathmandu | 9 |
| 22 | 29-30 Kartik, 2076 | Operational Banking | Janakpur | 9 |
| 23 | 29-30 Kartik, 2076 | Credit Management for Micro Finance Institutions | Janakpur | 12 |
| 24 | 29-30 Kartik, 2076 | Letter of Credit Management | Kathmandu | 7 |
| 25 | 25-29 Kartik, 2076 | Managing Foreign Exchange Business and its Risks | Kathmandu | 28 |
| 26 | 17-21 Kartik, 2076 | Customized Orientation Training Program for Trainee Assistant of Century Commercial Bank Limited | Kathmandu | 149 |
| 27 | 10-11 Ashoj, 2076 | Credit Management and Credit Risk Management | Kathmandu | 13 |
| 28 | 10-11 Ashoj, 2076 | Understanding Collateral Loans for MFIs | Pokhara | 24 |
| 29 | 9-12 Ashoj, 2076 | Credit Appraisal and Management | Pokhara | 12 |
| 30 | 5-9 Ashoj, 2076 | HR Training for HR Professionals | Kathmandu | 13 |

|  |  |  |  |  |
|---|---|---|---|---|
| 31 | 25-27 Bhadra, 2076 | Information Technology and Security Management in Banks & Financial Institutions | Kathmandu | 32 |
| 32 | 20- 24 Bhadra, 2076 | Understanding Accounts & Basic Financial Statements | Kathmandu | 15 |
| 33 | 13-14 Bhadra ,2076 | Risk and Recovery Management in MFIs | Dhangadhi | 15 |
| 34 | 13-14 Bhadra ,2076 | Risk and Recovery Management in MFIs | Nepalgunj | 5 |
| 35 | 13-14 Bhadra ,2076 | Risk and Recovery Management in MFIs | Bhairahawa | 8 |
| 36 | 13-14 Bhadra,2076 | Legal Aspects of Security and Documentation | Dhangadhi | 18 |
| 37 | 13-14 Bhadra,2076 | Legal Aspects of Security and Documentation | Nepalgunj | 11 |
| 38 | 13-14 Bhadra,2076 | Legal Aspects of Security and Documentation | Bhairahawa | 8 |
| 39 | 6 -7 Bhadra,2076 | Project and Consortium Financing | Kathmandu | 8 |
| 40 | 1-5 Bhadra,2076 | SME Financing & Entrepreneurship Development | Kathmandu | 13 |
| 41 | Shrawan 17-19,2076 | Excellence in Cash Management & Teller Operation | Pokhara | 19 |
| 42 | Shrawan 17-18,2076 | Effective field Management | Pokhara | 15 |
|  | **Total** |  |  | **769** |

## आर्थिक बर्ष २०७६/७७ मा आयोजना गरिएका अन्तराष्ट्रिय तालीमहरुको विवरण

## अनुसुची २

**List of International Programs**

| S.N. | Nepali Date | Name of Training | Location | No of Participants |
|---|---|---|---|---|
| 1 | 20-23 Falgun, 2076 | Marketing & Selling Skills for High Performance | JNIBF (India) | 24 |
| 2 | 28 Magh- 3 Falgun | Executive Leadership Development for Excutives | Australia | 17 |
| 3 | 13-17 Magh, 2076 | Prevention of Financial Crimes in the Financial Sector | Dhaka, Bangladesh | 16 |
| 4 | 6-10 Magh, 2076 | Leadership Development Program for MFIs | Kolkata | 17 |
| 5 | 7-12 Poush, 2076 | Leadership Development Program | Uttar Pradesh Greater Noida, India | 13 |
| 6 | 16-20 Mangsir, 2076 | Executive Leadership Development Program" | Australia | 17 |
| 7 | 2-7 Mangsir, 2076 | Project Financing and Management | Mumbai, India | 22 |
| 8 | 6-10 Ashoj, 2076 | Leadership Development Program | Bangkok, Thailand | 19 |
| 9 | 6-10 Ashoj, 2076 | Reinventing HR Management | Manila Philippines | 11 |
| 10 | 2-6 Bhadra,2076 | Executive Leadership Develolpment Program | Manila, Philippines | 17 |
| **Total** |  |  |  | **173** |

## आर्थिक बर्ष २०७६/७७ मा आयोजना गरिएका सम्मेलनहरुको विवरण

## अनुसुची ३

| S.N. | Nepali Date | Conference Name | Location | No of Participant |
|---|---|---|---|---|
| 1 | 4 Mangsir, 2076 | Conference on " MFIs Board of Directors & Management Consortium 2019" | Park Village Resort, Budhanilkantha | 82 |
| 2 | 8 Kartik, 2076 | Conference on " Fortifying Financial Services: From the Cyber Threats" | Hotel Aloft, Chhaya Devi Complex, Thamel | 101 |
| 3 | 29 Sharwan, 2076 | Annual Risk Management Conference | Hyatt Regency | 175 |
| **Total** | | | | **358** |

## आर्थिक बर्ष २०७६/७७ मा सदस्यता लिनुभएका संस्थाहरुको विवरण

## अनुसुची ४

| **List of Members** | | | | |
|---|---|---|---|---|
| **S.N.** | **Name of Institution** | **Effective Date** | **Expiry Date** | **Membership No.** |
| 1 | Jyoti Life Insurance Co. Ltd. | 2076-05-26 | 2077-05-25 | BFIN/7677/001 |
| 2 | Mahalaxmi Bikash Bank Ltd. | 2076-05-26 | 2077-05-25 | BFIN/7677/002 |
| 3 | Machhapuchhre Bank Ltd. | 2076-06-28 | 2077-06-27 | BFIN/7677/003 |
| 4 | Mirmire Laghubitta Bittiya Sanstha Ltd. | 2076-06-28 | 2077-06-27 | BFIN/7677/004 |
| 5 | Kumari Bank Ltd. | 2076-06-28 | 2077-06-27 | BFIN/7677/005 |
| 6 | Nepal Credit & Commerce Bank Ltd. | 2076-06-28 | 2077-06-27 | BFIN/7677/006 |
| 7 | Nimble Infosys Pvt. Ltd. | 2076-07-03 | 2077-07-02 | BFIN/7677/007 |
| 8 | Jyoti Bikash Bank Ltd. | 2076-07-05 | 2077-07-04 | BFIN/7677/008 |
| 9 | Century Commercial Bank Ltd. | 2076-07-07 | 2077-07-06 | BFIN/7677/009 |
| 10 | Surya Life Insurance Ltd. | 2076-08-01 | 2077-08-01 | BFIN/7677/010 |
| 11 | Global IME Bank Limited | 2076-09-14 | 2077-09-13 | BFIN/7677/011 |
| 12 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 2076-09-17 | 2077-09-16 | BFIN/7677/012 |
| 13 | Garima Bikash Bank Limited | 2076-09-28 | 2077-09-27 | BFIN/7677/013 |
| 14 | Sunrise Bank Limited | 2076-10-13 | 2077-10-12 | BFIN/7677/014 |
| 15 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 2076-10-14 | 2077-09-14 | BFIN/7677/015 |
| 16 | Kisan Bahuuddeshiya Sahakari Sanstha Ltd. | 2076-10-29 | 2077-09-29 | BFIN/7677/016 |
| 17 | Tilicho Multipurpose Cooperative Ltd. | 2076-07-11 | 2077-07-10 | BFIN/7677/017 |
| 18 | Mahila Samudayik Laghubitta Bittiya Sanstha Ltd. | 2076-11-13 | 2077-10-13 | BFIN/7677/018 |

## आर्थिक बर्ष २०७६/७७ मा अनलाईन मार्फत आयोजना गरिएका तालीम तथा बेबिनारहरुको विवरण

## अनुसुची ५

| List of Online Trainings | | |
|---|---|---|
| **S.N.** | **Nepali Date** | **Training Name** |
| 1 | 5-6 Asadh 2077 | Online Training on AML/CFT |
| 2 | 26 Asadh 2077 | "Corporate Governance and Risk Management" (For Board of Directors) |
| 3 | 6 Ashad 2077 | Webinar- Cyber Security and Risk Post Covid-19 New Normal |
| 4 | 3 Asadh 2077 | "Corporate Governance and Risk Management" (For Board of Directors) |
| 5 | 31 Jestha 2077 | Webinar- Developing Culture to Work from Home |
| 6 | 30 Jestha 2077 | Online Training on "Accounting Mode of Transaction for Smooth Interpersonal Relationships" |
| 7 | 27 Jestha 2077 | Webinar- Boost Immunity, Balance Diet and Manage Stress |
| 8 | 23 Jestha 2077 | Webinar- Budget and Monetary Policy 2077/78 |
| 9 | 3 Jestha 2077 | Webinar- Microfinance: Strategies to Move Forward |
| 10 | 28 Baisakh 2077 | Webinar- Post COVID-19, Banking Recovery Strategies |
| 11 | 20 Baisakh 2077 | Webinar- Digital Payments during the Lockdown and Fututre Prospects |
| 12 | 17 Baisakh 2077 | Webinar- The Challenges of COVID 19 in Financial Sector |
| 13 | 13 Baisakh 2077 | Webinar- Dealing with Anxiety and Stress in the light of Covid-19 |
| 14 | 10 Baisakh 2077 | Webinar- HR Management and Learning & Development during and after COVID 19 |
| 15 | 29 Chaitra 2076 | Webinar - Banks Preparedness to Corona Virus |

# नोट तथा टिप्पणी

# व्यवस्थापन समूह



डा. विनोद आत्रेय
प्रवन्ध निर्देशक



विन्नी शाक्य
कनिष्ठ अधिकृत



रेखा श्रेष्ठ
कनिष्ठ अधिकृत



महेन्द्र नारायण जोशी
सुपरभाईजर



निशु भगत
सुपरभाईजर



एश्लिन ज्ञवाली
सहायक



सुवास पन्त
मेसेन्जर

2nd Floor, Krishna Tower
New Baneshwor, Kathmandu
Tel. No. 01-4787401/2/3
Email: info@bfin.com.np
**www.bfin.com.np**